२०८३ जेष्ठ २१ गते विहिबार

१३१ औं कार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. १

आगामी आर्थिक वर्ष २०८३/०८४ को नगरसभाको अधिवेशन आगामी असार १० गते बुधवारका दिन बिहान ११ बजे सिटी हल स्याङ्जामा आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष २०८२/०८३ मा आँधिखोलाको राङखोला दोभानदेखि लाम्पाटा पक्की पुल माथिसम्मको घाटको ढुङ्गा, गिट्टी र बालुवा उत्खननका लागि यस नगरपालिका र निकिता कन्स्ट्रक्सन हब प्रा.लि. बीच मिति २०८२/०७/०२ मा सम्झौता भएकोमा उक्त कम्पनीले सम्झौता बमोजिमका सर्तहरू पालना नगरेको पाइएको हुँदा ठेक्का रद्द गर्ने सम्बन्धमा भएको नगर प्रमुखस्तरको निर्णयलाई अनुमोदन गरी रु ५०,०००/- जरिवाना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

नेपाल सरकार, सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनाको प्राविधिक सहयोगमा तयार पारी यस नगरपालिकालाई हस्तान्तरण गरिएको 'Institutional Strengthening Plan' (२०८१/०८२—२०८४/०८५) स्वीकृत गर्ने र आगामी आर्थिक वर्षदेखि क्रमशः लागू गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ४

ज्येष्ठ नागरिक समाज नेपाल, गण्डकी प्रदेश, पोखराको माग निवेदन अनुसार ज्येष्ठ नागरिक शीर्षकमा विनियोजित रकमबाट रु ५० हजार आर्थिक सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिका अन्तर्गत वडा नंम्बर ५ मा रहेको ढाँडेटारी ठुलढुंगा टोल विकास संस्थाको माग निवेदन र वडा कार्यालयको सिफारिस समेतका आधारमा बिल बमोजिमको रकम रु ४० हजार आर्थिक सहायता स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि नियमानुसार असार ५ गतेसम्म विषयगत समितिहरूको बैठक राखी प्रस्तावित नीति तथा कार्यक्रम पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

श्री महेन्द्र आधारभूत विद्यालयले कक्षा कोठाको मर्मत, रङ्गरोगन र शौचालय निर्माणका लागि लेखि पठाएकोमा चालु आर्थिक वर्षमा माग बमोजिमको मर्मत सम्भार गर्नका लागि आवश्यक बजेटको अभाव भएकाले आगामी आर्थिक वर्षको बजेटमा रकम विनियोजन गरी कार्यक्रम गर्ने निर्णय गरियो ।

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८३ जेष्ठ २१ गते विहिबार

निर्णय नं. ८

वडा नंम्बर ११ अन्तर्गत खोलेथोक पानी टयाङ्कीदेखि माथि खोरियासम्मको करिब १०० मिटर सडकखण्ड बाढीपहिरोका कारण भत्की सर्वसाधारणलाई आवत जावतमा समस्या भएको भनी उक्त बाटो निर्माण उपभोक्ता समितिको माग तथा वडा कार्यालयको सिफारिस समेतका आधारमा करिब १०० मिटर बाटो ढलान र सोही सडक खण्डमा रहेको चौपारी मर्मत गर्नका लागि मूल्याङ्कनका आधारमा मर्मत सम्भार शीर्षकबाट रु १ लाख ५० हजारसम्म भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९

नगरपालिकाको प्रवेशद्वारको अगाडि नगरपालिकाको नाममा रहेको जग्गा अतिक्रमण गरी विगत लामो समयसम्म बसेका व्यक्तिहरूको अन्यत्र घरजग्गा भए/नभएको यकिन विवरण सङ्कलन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

पूर्वाधार शाखाबाट सिफारिस भई आएबमोजिम मिग्मा कन्स्ट्रक्सनका सञ्चालक मिग्मा गुरुङलाई प्रक्रिया पूरा गरी "घ" वर्गको इजाजतपत्र दिने निर्णय गरियो ।

निर्णय नं. ११

नगर शिक्षा समितिमा आवश्यक छलफल गरी नगर कार्यपालिकामा पेश भएको पञ्चवर्षीय नगर शिक्षा योजना (२०८३/०८४—२०८७/०८८) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

पूर्वाधार शाखाबाट पेश भएबमोजिम ठेक्का नं. 25/PM/NCB/WORKS/082/83, 'Construction of Satupasal' को निर्माण कार्यमा थप भई सुरु सम्झौता रकम रु ३८,५१,४०५.२९ मा रकम रु १,३७,२३५.६१ थप हुन आएको भेरिएसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

आर्थिक वर्ष २०८२/०८३ को नगरसभाबाट स्वीकृत योजनाको नाम मजुवा फाँट बस्ती संरक्षण योजना भएकोले उक्त आयोजनाको नाम संशोधन गरी मजुवा फाँट बस्ती संरक्षण कार्यक्रम कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

पुतलीबजार नगरपालिकाको 'सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३' स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

पुतलीबजार नगरपालिकाको 'महिला स्वयंसेविकाको (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गर्ने निर्णय गरियो ।

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८३ जेष्ठ २१ गते बिहिबार

निर्णय नं. १६

वडा नं ४ को सिफारिस समेतका आधारमा वडा नं. ४ अन्तर्गत स्याङ्जा भ्यू पोइन्ट, रामकोषमा अवस्थित शिव मन्दिरको हवनकुण्डमा प्राविधिक लागत अनुमान अनुसार ट्रस निर्माण गर्न रु ७० हजार पूर्वाधार मर्मत शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७

निवेदक श्री दिपक श्रेष्ठको माग निवेदनको आधारमा वडा नं १३ र ११ को सङ्गमस्थल झापाकोटस्थित झापाकोट देवी मन्दिर निर्माणाधीन अवस्थामा रहेकोले उक्त मन्दिरको लागि बजेट विनियोजनको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

अकला आवाज साप्ताहिक, वालिङ, स्याङ्जाले मिति २०८३/०२/०६ गते पेश गरेको 'स्याङ्जाको पर्यटनः सम्भावना र चुनौती' विषयक कार्यक्रमको प्रस्तावना बमोजिम उक्त कार्यक्रम सम्पन्न गरी बिल भरपाई पेश गरेपश्चात् रु ४०,००० भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १९

हाल सञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवाहरू (आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र, वित्तीय साक्षरता, निःशुल्क कानुनी सहायता, समुदाय सचेतना) लाई एकीकृत गरी सामाजिक विकास महाशाखा मातहत र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद् लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने, उक्त सेवा प्रवाहमा खटिने कर्मचारीहरूले कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखा प्रमुखहरूलाई मासिक रूपमा कार्य सम्पादन प्रतिवेदन पेस गर्ने तथा सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा र यस पालिकाको अनुगमन समितिद्वारा र जिल्ला कार्यक्रम संयोजकबाट कम्तीमा ३ महिनामा १ पटक हुने व्यवस्था र हाल सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार र यस पालिकाको लागत साझेदारीमा गरिरहेको सेवा प्रवाहलाई संस्थागत रूपमा निरन्तर सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

पुतलीबजार नगरपालिकाको 'विषयगत समिति (कार्य सञ्चालन) कार्यविधि, २०८३' स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

पूर्वाधार शाखाबाट पेश भएबमोजिम ठेक्का नं. 07/PM/NCB/WORKS/082/83, 'Putalibazar Nagarpalika Bhitraka Sadak Haru Nirmaan Tatha Staronnati Kaarya (Package-2)' को भेरिएसन सम्बन्धमा सम्झौता रकम नबढ्ने गरी मिति २०८३/०१/१६ गते भएको प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयलाई अनुमोदन गर्दै कार्यान्वयन गर्ने निर्णय गरियो ।

.................................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

.................................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८३ जेष्ठ २१ गते बिहिबार

निर्णय नं. २२:

वडा नं. ८ को सिफारिससमेतका आधारमा, 'कैलाश गुफा उद्घाटन कार्यक्रम' सञ्चालन गर्ने क्रममा शिव मन्दिर तथा कैलाश गुफाको गेटमा रङ्गरोगन गर्दा लागेको बिल भरपाइ बमोजिमको कुल खर्च रु. १७,१७६।— (अक्षरेपी सत्र हजार एक सय छयत्तर रुपैयाँ मात्र) 'ऐतिहासिक कैलाश गुफा संरक्षण उपभोक्ता समिति'लाई भुक्तानी दिने निर्णय गरियो।

..........................................
धर्मराज ढंगाना
प्रमुख प्रशासकीय अधिकृत

..........................................
तुलसी राम रेग्मी
नगर प्रमुख